जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक २१८ | २०८० साल चैत २१ गते बुधबार (3 Apr. 2024 Wednesday) | मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कोशी प्रदेशमा भयावह सडक. ३ पृष्ठमा : प्रहरीद्वारा चार अर्ब तीन करोड ४४... ३ पृष्ठमागाजा आक्रमणमा खाद्यान्न ...

## सरकारी छाप दस्तखत किर्ते गरेको आरोपमा दुई जना पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

नगरपालिकाको लेटरप्याड, छाप तयार गरी नक्कली सिफारिश पत्र बनाएर ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा खडक नगरपालिका ११ बस्ने ४३ वर्षिय विरेन्द्र कुमार साह र ४० वर्षिय राम प्रकाश सरण चौधरी छन् ।

दुबै जनाको मिलोमतोमा उक्त किर्ते र ठगी काम भएको प्रहरीको भनाई छ । उनीहरुमाथी प्रहरीले सरकारी छाप दस्तखत किर्ते मुद्दा चलाएको छ ।

खडक नगरपालिकाको नक्कली लेटरप्याड, छाप र नगर प्रमुखको किर्ते हस्ताक्षर समेत गरी सिफारिश पत्र बनाएर सरकारी संस्थानबाट मलखाद खरिद र बिक्री गरी ठगी गरेको उनीहरुमाथी आरोप छ ।

सोही नगरपालिकाका उपमेयर रीता कुमारी चौधरीको सहयोगीको रुपमा नगरपालिकामा काम गर्दै आएका साह कर्मचारी हुन भने चौधरी मलखाद बिक्री गर्ने एक सहकारी संस्थाका संचालक हुन ।

प्रहरीले पक्राउ गरी मुद्दा चलाएपछि साहलाई निलम्बनको तयारी गरिएको मेयर जयप्रकाश चौधरीले बताए । साहले नक्कली लेटरप्याड, छाप र चलानी नम्बर मात्र नभई आफ्नो हस्ताक्षर समेत किर्ते गरी नक्कली सिफारिश पत्रको आधारमा सरकारी संस्थानबाट १ सय २२ बोरा मल खाद्य खरिद गरी बिक्री गरेको जानकारी प्राप्त भएको मेयर चौधरीले बताए ।

नक्कली सिफासिश पत्र मार्फत वडा नम्बर ४ का लागी सरकारी संस्थानबाट प्राप्त गरेको उक्त मलखाद्य आफ्नै वडा ११ मा लगेर बिक्री गरेको समेत आफुलाई जानकारी प्राप्त भएको उनको भनाइ छ ।

दुई दिन अघि पक्राउ परेका उनीहरुमाथी सरकारी छाप दस्तखत किर्ते मुदामा सप्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद थप गराई अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सदस्यता टुंगो नलगाई साधारणसभा, अधिवेशन नगर्न युनियनद्वारा ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

नेपाल प्रेस युनियन सप्तरीले पत्रकार महासंघको सदस्यता टुंगो नलगाई साधारणसभा, अधिवेशन सहितका कुनै पनि प्रक्रिया अगाडी नबढाउन नेपाल पत्रकार महासंघ शाखा सप्तरीसंग आग्रह गर्दै ध्यानाकर्षण गराएको छ ।

मंगलबार नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देवलाई युनियनका अध्यक्ष बिनयकुमार लाल कर्णले सो ध्यानाकर्षण गराउँदै पत्र समेत बुझाएका छन् ।

नेपाल प्रेस युनियन केन्द्रीय समितिको मिति २०८० चैत १७ गते सुनसरी जिल्लाको इटहरीमा सम्पन्न बैठकले पत्रकार महासंघले चैत मसान्तसम्म सम्पूर्ण जिल्लाको साधारणसभा र अधिवेशन तथा आगामी बैशाख २२ र २३ गते केन्द्रिय महाधिवेशन गराउने

***बाँकी तीन पृष्ठमा***


## आवश्यकता

यस पि.पि.आर. कम्पनी प्रा.लि. का लागि सप्तरी वरिपरीका क्षेत्रमा सक्रिय एवं योग्य Medical Represntative कर्मचारीहरुको आवश्यकता भएकोले ईच्छुक महिला वा पुरुषले आ-आफ्नो सबै शैक्षिक प्रमाणपत्रहरु सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस संस्थाको शाखा कार्यालय जनकपुरधाम हस्पिटल रोडमा सम्पर्क राख्न यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक योग्यता**

- विज्ञान विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको ।
- मोटरसाइकल चालक अनुमतिपत्र (लाइसेन्स) भएको ।
- सम्बन्धित क्षेत्रको ज्ञान तथा अनुभविलाई बढी ग्राहयता दिइने छ ।

**नोट :**

- मेडिकल क्षेत्रका HA, Nursing, Pharmacy आदि उत्तिर्ण गरेका उम्मेदवारहरुले पनि निवेदन दिन सक्नेछन् ।
- तलब तथा अन्य सुविधाहरु आपसी समझदारीमा तय गरिनेछ ।

**सम्पर्क**
**शाखा कार्यालय जनकपुरधाम**
**हस्पिटल रोड**
**मो. नं. ९८१७८८१८९०**


## विकासीय योजना बाँडफाँड र जनप्रतिनिधि बिरुद्ध दर्ता भएका मुद्दा बारे पालिका प्रमुखहरुको चासो

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

विकासीय योजना बाँडफाँड र जनप्रतिनिधि बिरुद्ध दर्ता गरिएको मुद्दा बारे पालिका प्रमुखहरुले चासो देखाएका छन् ।

मंगलबार जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको अध्यक्षतामा बसेको बैठकले यस्तो चासो देखाउँदै समस्या समाधानका लागि आवश्यक पहल गर्ने निर्णय समेत गरेको छ ।

बैठकले रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवको मानमर्दन हुने गरि स्थानिय केही व्यक्तिले प्रहरीमा उनी बिरुद्ध कुटपिट र लुटपाटको उजुरी दिएको ठहर गर्दै न्यायका लागि आवश्यक पहल गर्ने निर्णय गरेको छ ।

राजनैतिक पूर्वाग्रहको आधारमा अध्यक्ष यादवको मानमर्दन र चरित्र हत्या गर्ने मनसायले केही विपक्षिले दिएको

***बाँकी अन्तिम पृष्ठमा***


**सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।**

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधै लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खोला नदीको मर्मत तथा सरसफाईतर्फ ध्यान पुगोस्

अबको केही महिनापछि वर्षायाम सुरु हुनेछ। यसअवधीमा बाढी आउने सम्भावना अत्याधिक हुन्छ। सप्तरी जिल्लामा रहेको खोला नदीको सरसफाई हुन नसक्दा वर्षायाममा पानीको बहाव सतह भन्दा माथी बग्ने गरेको पाइएको छ। जसकारण पानी मानवबस्तीमा पुगेर डुवान क्षेत्रमा परिणत हुने गरेको छ। सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्द्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ।

जिल्लाको खाडो नदी बाढीको उच्च जोखिममा पर्ने गरेको छ। यो नदी नियन्त्रण, मर्मत, सरसफाईका लागि हरेक वर्ष बजेट निकासा हुन्छ, तर पुरानै कामलाई कागजी प्रक्रिया अपनाएर रकम हजम हुने गरेको छ। जिल्लाको रुपनी गाउँपालिका हुँदै राजबिराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ। यस्तो अवस्थामा खाँडोको अन्तिम गन्तव्य तिलाठी नै हो।

तसर्थ सरोकारवाला निकायको विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाईप्रति गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ। साथै स्थानियस्तरबाट पनि यसका लागि जनदबाब आवश्यक छ। होइन भने सधैं जिल्लावासीले बाढीको चपेटमा पर्ने र जनधनको क्षति व्यहोर्नु पर्ने हुन्छ।

# कोशी प्रदेशमा भयावह सडक दुर्घटना

**सङ्गीता राई**

धरान, २० चैत (रासस)।

उदयपुरको बेलका नगरपालिका–७ मैनामैनीमा यही चैत १ गते को १ ज २५९३ नम्बरको जीप दुर्घटनामा पऱ्यो। १७ जना यात्रु लिएर भोजपुरतर्फ जाँदै गरेको जीप कच्ची बाटोबाट चार सय मिटर तल खस्दा चालकसहित सातजनाको घटनास्थलमै ज्यान गयो भने एकजनाको उपचारका क्रममा अस्पतालमा ज्यान गयो। मैनामैनी दुर्घटनामा घाइते भएका नौजनामध्ये केहीको अहिले पनि उपचार भइरहेको छ।

सोही दिन धरानबाट बराहक्षेत्रको चक्रघटी जाँदै गरेको बा. २ ख. २००० नम्बरको बस तीन ढ्वाङ्गे भन्ने ठाउँमा सडक नजिकैको रुखमा ठोक्किए दुर्घटनामा पऱ्यो। घटनामा कसैको ज्यान नगए पनि करिब १२ यात्रु घाइते भए। गम्भीर घाइतेलाई बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याएर उपचार गरियो।

मैनामैनी र तीन ढ्वाङ्गेमा दुर्घटना हुनुभन्दा केही दिनअघि मदन भण्डारी राजमार्गअन्तर्गत उदयपुरको त्रियुगा नगरपालिका-७ मा पश्चिमबाट पूर्व जाँदै गरेको स.१ ख.८१६ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको प्र.१-०१-०१६ प ४६७ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक सुर्योदय नगरपालिका-३ इलामका २४ वर्षीय प्रगति राईको मृत्यु भयो। पछिल्लो समय कोशी प्रदेशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनाका केही उदाहरण मात्र हुन् यी। प्रदेशका विभिन्न जिल्लामा हरेक दिनजसो यस्ता दुर्घटना भइरहेका छन्। यस्ता दुर्घटनामा परेर बर्षेनी सयौंले ज्यान गुमाइरहेका छन्।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको तथ्याङ्क अध्ययन गर्ने हो भने कोशी प्रदेशमा सवारी दुर्घटनामा परेर दैनिक एक जनाभन्दा बढिको ज्यान गइरहेको छ। चालू आर्थिक बर्ष २०८०/८१ को फागुन मसान्तसम्म आठ महिनाको तथ्याङ्कअनुसार पुरुष २०६, महिला ४० र बालबालिका १६ सहित दुई सय ६२ जनाको ज्यान गइसकेको छ। यो तथ्याङ्कलाई विश्लेषण गर्दा सरदर मासिक ३३ जना अर्थात दिनमा एक जना भन्दा बढीको मृत्यु भएको छ।

चालू आवको फागुनसम्ममा जम्मा दुई हजार एक सय ४२ वटा अर्थात दैनिक सरदर नौ वटा दुर्घटना भएको ट्राफिक प्रहरीको तथ्याङ्क छ। ती दुर्घटनामा पाँच सय ५८ जना गम्भीर घाइते र तीन हजार ३५ जना साधारण घाइते भएका थिए। अघिल्ला आवहरूको अवस्था पनि उस्तै छ। अघिल्लो आव २०७९/८० मा प्रदेशभर तीन हजार पाँच सय १० वटा अर्थात दैनिक १० वटाको हाराहारीमा दुर्घटना भएका थिए। ती दुर्घटनामा परेर एक सय १९ पुरुष, ६८ महिला र २५ बालबालिका गरी जम्मा चार सय १४ जनाले ज्यान गुमाएका थिए भने गम्भीर घाइते आठ सय १० र साधारण घाइते हुनेको संख्या चार हजार सात सय ९७ थियो।

आव २०७८/७९ मा तीन हजार आठ सय २० दुर्घटनामा जम्मा पाँच सय ३१ जनाको मृत्यु भएको थियो। त्यस वर्ष एक हजार दुई सय तीनजना गम्भीर र पाँच हजार चार सय ४५ जना साधारण घाइते भएका थिए। त्यस्तै, आव २०७७/७८ मा तीन हजार एक सय ३१ वटा दुर्घटनामा परी चार सय ४४ जनाको मृत्यु भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको तथ्याङ्कमा उल्लेख छ। त्यस वर्ष एक हजार ८३ गम्भीर र तीन हजार सात सय ९३ जना साधारण घाइते भएका थिए।

सवारी दुर्घटनाका विविध कारणमध्ये प्रमुख कारण मानवीय लापरबाही नै रहेको विभिन्न अध्ययनहरूले देखाएका छन्। ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको अध्ययन अनुसार कोशी प्रदेशमा भएका दुर्घटनामध्ये ५३ प्रतिशत तीव्र गतिका कारण दुर्घटना भएको देखिएको छ। त्यस्तै चालकको लापरबाहीले १६ प्रतिशत, सडक प्रयोगकर्ताको असावधानीले १२ प्रतिशत, मादकपदार्थ सेवनका कारण १० प्रतिशत, लाइसेन्स बिनाका चालकले चलाएका सात प्रतिशत रहेको पाइन्छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक सरोज पौडेल पहाडी क्षेत्रमा लगातार भइरहेका दुर्घटनाको अध्ययन गर्दा गाउँपालिकाहरूले जथाभावी सडक खन्ने प्रवृत्ति पनि जिम्मेवार देखिएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पहाडी क्षेत्रमा स्थानीयवासीले सडक माग गर्छन् तर स्थानीय तहहरूले कस्तो ठाउँमा कस्तो सडक निर्माण गर्ने भनेर अध्ययन नगरी जथाभावी सडक खन्ने गरेको पाइन्छ। ती सडकका कस्ता गाडी चलिरहेका छन् भनेर नियन्त्रण गर्ने संयन्त्र पनि छैन।"

प्रहरी उपरीक्षक पौडेल सडकमा सवारी चालकको प्रतिस्पर्धाको भावनाले पनि दुर्घटना बढिरहेको बताउनुहुन्छ। माघ, फागुन जस्ता धेरै बिवाह हुने महिनामा धेरै दुर्घटना हुने गरेको पाइएको उहाँको भनाइ छ। विवाहमा क्षमताभन्दा बढी मान्छे चढाउने प्रवृत्ति बढिरहेका कारण पनि दुर्घटनाको जोखिम बढेको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "दुर्घटना बढिरहनु चिन्ताको विषय हो। यसलाई शून्यमै झार्न त सकिँदैन तर सचेतना अपनाउने हो भने न्यूनीकरण गर्न सकिन्छ।"

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका केन्द्रीय अध्यक्ष भीम ज्वाला राई सडक दुर्घटना बढ्नुमा चालकलाई मात्र दोष दिने प्रवृत्ति रहेको बताउँदै समग्रमा चालक मात्र नभई सडक प्रयोग गर्ने सबै जनाको त्रुटि रहेको दाबी गर्नुहुन्छ। भौतिक, मानवीय, यान्त्रिक र पर्यावरणीय गरी दुर्घटनाका प्रमुख चार कारण रहेको बताउँदै उहाँ भन्नुहुन्छ, "सडक सुरक्षा मापदण्ड अनुसार बनेका छैनन्। सडक निर्माणमा ढिलासुस्ती हुँदा पनि दुर्घटना बढेको छ। यी सबै कुरालाई ख्याल गर्नु आवश्यक छ।"

डेढ दशकदेखि नेपालमा ट्राफिक व्यवस्थापनका लागि अभियान सञ्चालन गर्दै आउनु भएका विष्णुकुमार राई नेपालमा दुर्घटना बढिरहनुको प्रमुख कारण चालकहरूमा प्रशिक्षण र परीक्षणको कमी रहेको र लाइसेन्स दिने तरिका नै गलत भएको बताउनुहुन्छ।

"यातायात सञ्चालनको नियम संसारमा एउटै हुनुपर्छ तर नेपालमा चालकले गाडी नियन्त्रण गर्न सक्यो भने ठीक छ भनेर लाइसेन्स दिने चलन छ, त्यो गलत हो," विदेशमा लामो समय ट्राफिक व्यवस्थापनको अनुभव बटुल्नु भएका अभियन्ता राई भन्नुहुन्छ, "चालकलाई राजमार्गमा, बस्ती भएका ठाउँमा र भत्किएको सडकमा कसरी चलाउने भनेर छुट्टाछुट्टै प्रशिक्षण दिनुपर्छ अनि कसरी चलाउँछ भनेर राम्रो परीक्षण गर्नुपर्छ।"

**न्यूनीकरण गर्न के गर्ने ?**

सवारी दुर्घटनाका कारणहरूमा चालकको लापरबाही, मादकपदार्थ सेवनजस्ता सदाबहार कारणसँगै केही मौसमी कारण पनि देखिन्छन्। बिवाहको मौसममा हुने लापरबाही, हुस्सु लाग्ने महिनामा अगाडिको गाडी नदेख्दा ठोक्किने घटना पनि हुने गरेका छन्। यसको न्यूनीकरणका लागि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरेको छ। मादकपदार्थ सेवन र

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# प्रहरीद्वारा चार अर्ब तीन करोड ४४ लाख बराबरको राजस्व संकलन

काठमाडौं, २० चैत (रासस) । राजस्व चुहावट र तस्करीका क्षेत्रमा देखिएका नवीन प्रवृत्ति र प्रमुख समस्याको पहिचान गरी प्रभावकारी रूपमा तस्करी नियन्त्रण गर्न नेपाल प्रहरी सक्रिय रहेको छ । तस्करी नियन्त्रण गरी राजस्व सङ्कलन गर्ने क्रममा चालु आर्थिक वर्षको हालसम्म जम्मा रु चार अर्ब तीन करोड ४४ लाख ९६ हजार ५२९.४८ पैसा बराबरको राजस्व सङ्कलन भएको जनाइएको छ ।

उक्त राजस्व चोरी, पैठारी तथा अवैध सुन, चाँदी, मालसामान, नदीजन्य पदार्थ, अवैध काठ बरामद, अवैध मुद्रा, हुन्डी कारोबार, ट्राफिक जरिवाना, फैसला कार्यान्वयनलगायत शीर्षकबाट सङ्कलन भएको हो । ती शीर्षकमा संलग्न सात हजार छ सय ७९ जनालाई प्रहरीले कानुनी दायरामा ल्याई उक्त राजस्व सङ्कलन गरेको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार राज्यको कानुन कार्यान्वयनका क्रममा फैसला कार्यान्वयनबाट पक्राउ, अवैध भन्सार छली, ट्राफिक कारबाहीलगायत कार्यबाट नेपाल प्रहरीले वार्षिक रूपमा ठूलो परिमाणमा राजस्व सङ्कलन गर्दै आएको छ ।

लुकाईछिपाईकन भन्सार छली गर्ने, अवैध रुपले सामान भित्र्याउनेजस्ता राजस्व चुहावटका क्षेत्रमा देखिएका समस्या भएको प्रवक्ता ढकालले बताउनुभयो । उहाँले भन्नुभयो, "यस्ता समस्याको समाधान गर्दै चेकजाँचमा कडाइ गर्ने, आधुनिक प्रविधिको प्रयोग गर्ने, निगरानी र नियन्त्रणका उपाय अवलम्बन गरी प्रहरीले सक्रिय रूपमा काम गर्दै राजस्व सङ्कलनमा योगदान दिएको र राजस्व चुहावट नियन्त्रणमा खटिएका सरोकारवाला निकायका कर्मचारीसँग समन्वय तथा सहकार्य गरी नेपाल प्रहरीले काम गर्दै आएको छ ।"

सङ्कलित राजस्वमध्ये अवैध मालसमान बरामदबाट रु एक अर्ब ३६ करोड ४४ लाख तीन हजार दुई सय ५६, ट्राफिक जरिवानाबाट रु एक अर्ब १० करोड ३६ लाख ४५ हजार तीन सय ५४ र फैसला कार्यान्वयनबाट रु एक अर्ब दुई करोड ७८ लाख तीन हजार पाँच सय ४३ सङ्कलन भएको प्रवक्ता ढकालले जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षमा हालसम्म सङ्कलित राजस्व तथ्याङ्कको विश्लेषण गर्दा राजस्व सङ्कलन रु छ अर्ब पाँच करोड १७ लाख ४४ हजार ७९४.२२ पैसा हुने प्रक्षेपण गरिएको छ जुन गत आर्थिक वर्षको तुलनामा ३५ दशमलव १७ प्रतिशतले बढी हुने आइकलन गरिएको छ । उक्त रकम मासिक औसत रु ५० करोड ४३ लाख १२ हजार ६६ का दरले हुन आउँछ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म आठ महिनाको राजस्व सङ्कलन गत आर्थिक वर्षको आठ महिनाको तुलनामा ५० दशमलव २८ प्रतिशतले राजस्व सङ्कलनमा वृद्धि भएको प्रहरीको तत्थ्याङ्कले देखाएको छ । आर्थिक वर्ष २०७८/७९ र आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्मको राजस्व सङ्कलन दुवै आर्थिक वर्षको आठ/आठ महिनाको तुलना गर्दा १० दसमलव ४ प्रतिशतले राजस्व सङ्कलनमा कमी आएको देखिन्छ ।

यसैगरी, आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म रु दुई अर्ब ९९ करोड एक लाख ४३ हजार २४८. ६२ पैसा र चालु आर्थिक वर्षको फागुन मसान्तसम्म रु चार अर्ब तीन करोड ४४ लाख ९६ हजार पाँच सय २९ रूपैयाँ ४८ पैसा बराबर राजस्व सङ्कलन भएको देखिन्छ । दुवै आर्थिक वर्षको आठ महिनाको राजस्व सङ्कलन दर तुलना गर्दा ३५ दशमलव १८ प्रतिशतले वृद्धि भएको उहाँले बताउनुभयो ।

"वर्तमान गृहमन्त्रीज्यूको पदबहाली मितिभन्दा अगाडिको २२ दिन र पछाडिको २२ दिन अवधिको फैसला कार्यान्वयनबाहेकको राजस्व सङ्कलनतर्फको तथ्याङ्क विश्लेषण गर्दा समग्रमा २४ दशमलव ५० प्रतिशतले राजस्व सङ्कलन वृद्धि भएको र सीमा क्षेत्रमा नेपाल प्रहरीको सक्रियता बढेकै कारण राजस्व सङ्कलन वृद्धि तथा चुहावट नियन्त्रणमा उल्लेखनीय योगदान पुगेको हो," प्रवक्ता ढकालले भन्नुभयो ।

### सदस्यता टुंगो ...

निर्णयबाट शुद्धिकरण अभियानलाई नै ओझेलमा पार्ने काम भएको उल्लेख गर्दै सदस्यता र मतदाता नामालीको टुंगो लगाएर मात्र जिल्ला, प्रदेश र केन्द्रको अधिवेशन/साधारणसभा गर्न ध्यानाकर्षण गराएको हो ।

"पत्रकार महासंघले शुरु गरेको सदस्यता शुद्धिकरण अभियानमा नेपाल प्रेस युनियनको पूर्ण साथ र सहयोग रहेको सर्वविदितै छ । पत्रकार महासंघलाई विशुद्ध पत्रकारहरुको संस्था बनाउन नेपाल प्रेस युनियनले निर्वाह गरेको भूमिकाबारे पत्रकार महासंघ पनि अनभिज्ञ छैन् । तर, पछिल्लो विकसित घट्नाक्रम अनुसार नेपाल पत्रकार महासंघले शुद्धिकरण अभियानलाई थाँती राखेर सार्वजनिक रुपमा प्रेस विज्ञप्ती जारी गरी जिल्ला, प्रदेश र केन्द्रीय अधिवेशन घोषणा गरेको प्रति नेपाल प्रेस युनियनको गम्भीर ध्यानाकर्षण भएको छ ।" पत्रमा भनिएको छ ।

सोही पत्रमा नेपाल पत्रकार महासंघले प्रेस युनियनको माग विपरित अधिवेशन/साधारणसभा सहितका कुनै पनि प्रक्रिया अगाडी बढाएमा सोबाट उत्पन्न हुन जाने परिस्थितिको जवाफदेही स्वयं नेपाल पत्रकार महासंघ शाखा सप्तरी नै हुने समेत जानकारी गराएको छ ।

### कोशी प्रदेशमा ...

लागुऔषध सेवन परीक्षण गर्ने काम पनि गरिरहेको प्रहरी उपरीक्षक पौडेल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "लापसे (लागुपदार्थ सेवन) परीक्षण गर्न किट महँगो छ । यसको परीक्षणको कानुनी मान्यता पनि प्राप्त नभएकाले समस्या छ । दुर्घटना न्यूनीकरण गर्न आवश्यक प्रयास गरिरहेका छौं ।"

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका केन्द्रीय अध्यक्ष भीमज्वाला राई सडक दुर्घटनामा मानवीय त्रुटि कम गर्न स्कुलदेखि कलेजसम्म सडक दुर्घटनासम्बन्धी पाठ्यक्रम बनाएर पठनपाठन गराउनुपर्ने बताउनुहुन्छ । ट्राफिक प्रहरीको ध्यान राजस्व सङ्कलनमा मात्र गएको तर सचेतनामा कम रहेको बताउँदै उहाँ भन्नुहुन्छ, "हामीले आफ्नो तर्फबाट यातायात मजदुरलाई दुर्घटना न्यूनीकरणका लागि संवेदनशील बन्न सचेत गराउँदै आएका छौं । सबै क्षेत्रबाट न्यूनीकरणको पहल हुन जरुरी छ । दुर्घटना न्यूनीकरणका लागि राज्यले विशेष संयन्त्र बनाउनु आवश्यक छ ।"

ट्राफिक व्यवस्थापन अभियन्ता विष्णुकुमार राई नेपालमा लाइसेन्स दिने प्रक्रिया लापरवाहीपूर्ण र सजिलो भएकाले चालकहरू दक्ष नभई सडकमा आउने गरेकाले दुर्घटना धेरै हुने गरेको भन्दै त्यस्तो प्रचलन रोक्नुपर्ने बताउनुहुन्छ । विदेशमा पनि नेपालीहरू दुर्घटना धेरै पर्ने कारण नेपालको प्रशिक्षण र परीक्षण कमजोर रहेको बताउँदै भन्नुहुन्छ, "गाडी चलाउनु भनेको आफू र धेरै मानिसको जीवन हातमा राखेर हिंड्नु हो । राम्रो प्रशिक्षण बिना सडकमा गाडी चलाउन रोक लगाउन सके मात्र दुर्घटना न्यूनीकरण गर्न सकिन्छ ।"


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### गाजा आक्रमणमा खाद्यान्न झार्दै गरेका सात सहायताकर्मीको मृत्यु

गाजा क्षेत्र, २० चैत (रासस/एएफपी) ।

अमेरिकास्थित एक परोपकारी संस्थाले साइप्रसबाट समुन्द्री मार्ग हुँदै गाजामा वितरण गर्न लगिएको खाद्यान्न सामग्री झार्ने क्रममा इजरायली आक्रमणमा आफ्ना सात कर्मचारीको मृत्यु भएपछि गाजाको सहायता अभियान स्थगन गरिएको मङ्गलबार जनाएको छ । इजरायली सेनाले अल-शिफा अस्पताल र त्यस वरपर दुई हप्ता लामो सैन्य अभियानलाई समाप्त गरेपछि सोमबारको मृत्यु भएको हो । आक्रमणमा इजरायली सेनाले घेरिएको क्षेत्रको अस्पतालको सबैभन्दा ठूलो भवन जलेको र भग्नावशेषमा परिणत बनेको छ ।

"गाजामा आईडीएफको आक्रमणमा हाम्रो टोलीका सात जना सदस्य मारिएका छन्," अमेरिकास्थित च्यारिटी 'वर्ल्ड सेन्ट्रल किचन'ले जारी गरेको विज्ञप्तिमा भनिएको छ । मृत्यु हुनेमा अस्ट्रेलिया पोल्याण्ड, संयुक्त अधिराज्य, अमेरिका र क्यानडाका नागरिक र प्यालेस्टाइनका नागरिक रहेको र त्यसको जवाफमा उसले यस क्षेत्रमा आफ्नो अभियान रोकेको घोषणा गरेको छ ।

सहायता समूहले भनेको छ, "इजरायली सेनासँग समन्वयकारी गतिविधिसँगै सहायतासहित पुगेका ट्रकबाट १०० टन भन्दा बढी मानवीय खाद्य सहायताका लागि सामान झारी देइर अल-बलाह गोदामबाट बाहिर निस्कँदै गर्दा आक्रमण गरिएको जनाएको छ । इजरायली सेनाले यस दुखद घटनाको परिस्थिति बुझ्न उच्च स्तरमा गहन समीक्षा गरिरहेको र प्यालेस्टिनीहरूलाई सहायता प्रदान गर्ने प्रयासमा 'डब्ल्यूसीकेसँग नजिकबाट काम गरिरहेको' बताएको छ ।

### पाकिस्तानमा विद्यार्थीलाई शैक्षिक सामाग्रीको अभाव

बलुचिस्तान (पाकिस्तान), २० चैत (रासस/एएनआई) ।

पाकिस्तानको बलुचिस्तानका विद्यालयहरूमा पाठ्यपुस्तक लगायत स्टेशनरी शैक्षिक वर्ष सुरु भएको एक महिना बितिसक्दा पनि नपुगेपछि विद्यार्थी तथा उनीहरूका अविभावक आक्रोशित बनेका छन् । 'द बलुचिस्तान पोस्ट'ले बलुच विद्यार्थी सङ्गठनका केन्द्रीय प्रवक्तालाई उद्धृत गर्दै जारी गरेको विज्ञप्तिमा भनिएको छ, "विद्यालयहरूमा आवश्यक सामाग्री सहित शैक्षिक गतिविधिहरू नपुगेकोले नियमित कक्षा सञ्चालनमा कठिनाई भएको र यसका कारण हजारौं विद्यार्थीहरू निराश बन्नुपरेको छ ।"

'द बलुचिस्तान पोस्ट'ले चगाई जिल्लाको बालानोस क्षेत्रका लगभग सबै बालबालिकाहरू विद्यालय पहुँच भन्दा बाहिर रहेको रिपोर्ट गरेको छ । एक्काइसौं शताब्दीमा विश्वले शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगति गरिसकेको अवस्थामा दुर्भाग्यवस बलुचिस्तानका बालबालिकाहरू शिक्षाबाट वञ्चित रहन बाध्य छन् । यो प्रयास शिक्षाको अभावमा बलुच जनतालाई सीमान्तकृत राख्न राज्य गैर जिम्मेवार बनेको प्रमाण भएको बीएसओको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार पाठ्यसामग्रीको अभाव भएपछि झाल मगसीका करिब तीन दर्जन विद्यालयहरू बन्द भएका र यसका कारण यस क्षेत्रका बालबालिकाहरू विद्यालय शिक्षाबाट वञ्चित हुनुपरेको छ । यसैबीच शिक्षक र अन्य कर्मचारीहरूले भने घरमै बसेर तलब पाइरहेका छन् । झाल मगसीलाई बलुचिस्तानको सबैभन्दा उपेक्षित जिल्लाहरू मध्ये गणना गरिन्छ । जहाँ असहाय जनता लामो समयदेखि राज्यको छायामा परि गैर-जिम्मेवारीको सिकार बनिरहेको प्रवक्ताले जनाउनुभयो ।

### बाढीको जोखिमको भविष्यवाणी गर्न अष्ट्रेलियामा एआईको प्रयोग

सिड्नी, २० चैत (रासस/सिन्ह्वा) ।

अष्ट्रेलियाको दक्षिणपूर्वी राज्य 'न्यू साउथ वेल्सले' मंगलबार बाढीको सम्भावित प्रभावहरूको भविष्यवाणी गर्न कृत्रिम बौधिकत्ता (एआई) र मोबाइल फोन नेटवर्कको प्रयोग गर्ने प्रविधिको परीक्षण गरिरहेको जनाएको छ ।

सरकारले एक मिडिया विज्ञप्ति मार्फत, यसले गर्दा गम्भीर मौसमी घटनाहरूमा समुदायहरूलाई जोगाउन मद्दत गर्न सक्ने उल्लेख गरेको छ । उक्त विज्ञप्तिमा वास्तविक-समय मौसम जानकारी दिन 'ब्यूरो अफ मेटियोरोलोजी डेटा' र बाढी जानकारीसँग जोडिएको उल्लेख गरिएको छ । परिदृश्य (भिजुअलाइजेशन) र स्पेसियल डिजिटल ट्विन (प्रयोगकर्तालाई मोडेलको रूपमा डेटाको विश्लेषण गर्न एकै ठाउँमा ठूलो मात्रामा डेटा व्यवस्थित गर्न सक्षम बनाउने) मार्फत परिदृश्य र निर्मित वातावरणमा परिवर्तन प्रदर्शन गर्न सम्भव भएको भनिएको छ ।

पूर्वाधार र समुदायमा जोखिम भविष्यवाणीमा प्रयोग गर्न सकिने र राज्यको आपतकालीन सेवालाई लक्षित अलर्टमार्फत प्रभावित समुदायमा जानकारीको द्रुत प्रसारको लागि डेटाको सम्भावितरूपमा प्रयोग गर्न यसले मार्ग प्रशस्त गर्दछ । यो मोडेलमा ठूलो मात्रामा डेटा सवदृश्य गर्न र विस्तृत विश्लेषणमार्फत डेटा बुझ्न र विश्लेषण गर्न अनुमति दिन्छ । राज्यका ग्राहक सेवा र डिजिटल सरकारका मन्त्री जिहाद दिबले "जलवायु परिवर्तनबाट प्रभावित बढ्दो गम्भीर मौसमको सामना गर्ने क्रममा राज्य आपतकालीन सेवालाई प्रविधिको साथ जानकारी छिटो पहुँच गर्न मद्दत गर्ने भन्नुभयो ।"

# सहकारी दिवसको अवसरमा प्रभातफेरी र अन्तरक्रिया




**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

६७ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा जिल्ला सहकारी संघ लि.राजविराजले प्रभातफेरी कार्यक्रमको आयोजना गरेको छ ।

जिल्लाभरका सहकारी संस्थाको व्यापक सहभागितामा मंगलबार सदरमुकाम राजविराजमा प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको छ ।

"सहकारीमा सुशासन, प्रविधी र एकिरण" भन्ने मूल नारा सहित प्रभातफेरी गरिएको हो । आर्थिक अराजकलाई कारवाही गर, सहकारीको सुरक्षा गर, राजनैतिक स्वार्थका लागी सहकारीको प्रयोग बन्द गर, सहकारीको ऋण समय मै तिरी बचतकर्ताको रकम सुरक्षित गरौ, सहकारीको स्वस्थ्य विकास मिटरव्याजीको हुन्छ विनास" लगायतका नारा लेखिएको प्लेकार्ड बोकेके ऱ्याली स्थानीय शिव मन्दिरको प्राङ्गणबाट सूरु भएर बजार क्षेत्रको परिक्रमा गरेको थियो ।

ऱ्यालीमा राष्ट्रिय सहकारी बैंक लि.,आईडियल सहकारी संस्था लि., नेपाल सहकारी संस्था लि., जनज्योति कृषि सहकारी संस्था लि., जनमुखी बहुउदेश्यीय सहकारी संस्था लि., नवोदय सहकारी संस्था लि., साईकृषी सहकारी संस्था लि., प्रभु बचत तथा ऋण सहकारी संस्था लि., जिल्ला दुग्ध उत्पादक संस्था लि लगायत दर्जनौं भन्दा बढी संघ संस्थाको सहभागिता रहेको आयोजक जिल्ला सहकारी संघ लि.राजविराजका अध्यक्ष विनोद दत्तले जानकारी दिए ।

प्रभातफेरी पश्चात जिल्ला समन्वय समितिको सभाकक्षमा आयोजित अन्तरकृया कार्यक्रममा जिल्ला सहकारी संघ लि.का अध्यक्ष दत्त, प्रबन्धक रमेश प्रसाद गुप्ता, कार्यक्रम संयोजक सविता न्यौपाने, सदस्य गणेश कुमार आश, सचिन्द्र दास, गोपाल प्रसाद गुप्ता, मनोज यादव, मत्सय पशुपंक्षी सहकारी संघका केन्द्रिय सदस्य तेज नारायण यादव, महुली दुग्ध उत्पादक सहकारी संघका दिपेन्द्र आर्चाय, भुवन आर्चाय, राष्ट्रिय सहकारी बैंकका प्रबन्धक विरबल राजवंशी लगायतले बोल्दै सहकारीकर्मीहरुले भोग्नु परेको समस्या र यसको समाधानका लागी आ-आफनो धारणा राखेका थिए ।

# मधेस प्रदेश सरकारले सञ्चारमैत्री कार्ययोजना बनाउँदै

जनकपुरधाम, २० चैत (रासस) ।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले आमसञ्चार माध्यमको विकासका लागि कार्यायोजनाका साथ काम गर्ने बताउनुभएको छ ।

जनकपुरधाममा सोमबार सञ्चारकर्मीसँग छलफल गर्दै मन्त्री लेखीले प्रदेश सरकार सञ्चारमाध्यम तथा सञ्चारकर्मीमैत्री नभएको गुनासो अन्त्य गर्न तत्काल कार्ययोजना बनाइ काम गर्ने बताउनुभयो ।

"हिजोका दिनमा के भयो र कसले के गरे, के गरेनन् भन्नेतर्फ म जान चाहन्न तर म नेतृत्वमा आएपछि सञ्चारकर्मी र सञ्चारसम्बद्ध संस्थाबारे गम्भीर छु । विभिन्न तहमा छलफल सुरु गरेको छु", मन्त्री लेखीले भन्नुभयो, "सञ्चारजगत्लाई मर्यादित र सम्मानित बनाउन आजैका मितिदेखि काम गर्छु । मन्त्रालयका अधिकारीसँग बसेर कार्ययोजना बनाउने मेरो योजना छ । त्यसमा तपाईंहरूबाट पनि सल्लाह, सुझाव लिनेछु ।"

मन्त्री लेखीले लोककल्याणकारी विज्ञापन, सञ्चारकर्मीको पेसागत तथा भौतिक सुरक्षाका लागि समन्वय, सूचनामा सहज पहुँचका लागि 'सूचना डेस्क', र मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने परिपाटी बसाउन पहल गर्ने बताउनुभयो ।

कार्यक्रममा सञ्चारकर्मीले सङ्घीयता ल्याउन भएका आन्दोलन र परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका स्थानीय सञ्चारमाध्यमलाई प्रदेश सरकारले उपेक्षा गरेको गुनासो गरेका थिए । प्रदेश सरकारका निकायले सूचना लुकाउने, मन्त्रिपरिषद्कै निर्णय सार्वजनिक नगर्ने, मिडियालाई कमजोर बनाउने, स्थानीय मिडियालाई प्रवर्द्धन गर्ने ठोस् योजना नल्याउने र लोककल्याणकारी समानुपातिक विज्ञापनलाई व्यवस्थित बनाउनमा ध्यान नदिनेजस्ता कारणले समस्या भएको सञ्चारकर्मीको गुनासो थियो ।

त्यस क्रममा नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णले प्रदेश सरकार सञ्चारमाध्यम र सञ्चारकर्मीमैत्री नभएको बताउनुभयो । "गएको एक वर्षमा मात्रै १३ जना पत्रकारमाथि आक्रमण, धम्की र कुटपिट भएका छन् । विज्ञापन र अन्य स्रोतको अभावमा मिडिया हाउस बन्द हुने र पत्रकारहरू बेरोजगार बन्ने अवस्था आइसकेको छ ।", अध्यक्ष कर्णले भन्नुभयो, "धेरै साथी समस्यामा छन् । केही गम्भीर रोगसँग लड्दैछन् । केहीले उपचार अभावमा ज्यान गुमाइसके तर सरकारले समस्या समाधानको ठोस नीति लागू गरेको छैन । विगतमा स्वास्थ्य बीमा, पत्रकारको उपचारका लागि रु ५० हजार दिने घोषणा कार्यान्वयन भएन ।"


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


# योगिनियाँमा पशु अस्पतालको निर्माण कार्य सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ योगिनियाँमा ३५ कोठे चार तल्ले पशु अस्पताल भवनको निर्माण कार्य सुरु भएको छ ।

करिब ९ करोड ९३ लाख लागतमा निर्माण हुने भवनको कञ्चन कन्स्ट्रक्सन सातदोबाटो ललितपुरले ठेक्का लिएको छ । उक्त कन्स्ट्रक्सनले दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने जिम्मेवारी प्राप्त गरेको हनुमानगर कंकालिनी नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका प्रमुख वीरेन्द्र माझीले उक्त भवनमा पशुसम्बन्धी हरेक रोगको उपचार गर्ने लक्ष्य राखिएको जानकारी दिए । उनले समपूरक योजना अन्तर्गत ५० प्रतिशत सङ्घीय सरकार र ५० प्रतिशत बजेट नगरपालिकाले बेहोर्ने बताए । अस्पताल भवनको राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा जयकान्त राउतले शिलान्यास गरेका थिए ।

*विकासीय योजना ...*

झुठो उजुरी प्रहरीमा दर्ता भएको भन्दै बैठकले सत्यतथ्य छानबिनको माग पनि गरेको छ ।

बैठकमा सहभागि रुपनी गाउँपालिकाका अध्यक्ष यादवले आफूमाथी लगाइएको आरोप बिल्कुलै निराधार रहेको दाबी गर्दै सो बारे छानबिनको माग गर्दै आफूले त्यसमा साथ दिने प्रतिबद्धता व्यक्त गरेको जनाए । उनले आफू संलग्न नै नरहेको घटनामा आफ्नो नाम र चित्र समेत राखेर समाचार सम्प्रेशन गर्ने केही पत्रिकाबिरुद्ध न्यायका लागि प्रेस काउन्सील तथा सरोकारवाला अन्य निकायमा जाने तयारी भएको समेत जानकारी दिए ।

यस्तै बैठकले बिकासीय कार्यालयहरुबाट बाडिने योजनाका पत्रहरु बिचोलिया मार्फत नभई सोझै सम्बन्धित पालिकाहरु मार्फत बितरण गरिनु पर्ने माग गरेको छ । बैठकले हाल केही बिकासीय कार्यालयहरुमा योजना बाँडफाँड र सेवा प्रवाहको विषयलाई लिएर उत्पन्न विवाद समाधानका लागि सबै मिलेर पहल गर्ने तथा चैत २१ गते बुधबार सरोकारवाला समेतलाई राखी बृहत बैठक बस्ने निर्णय गरेको जिल्ला समन्वय समिति सप्तरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*